Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022

# अन्तरिम शासन २०११–२०१५ मा राजा महेन्द्रको भूमिका

**बद्रीनारायण गौतम**
त्रि. वि., इतिहास केन्द्रीय विभाग, कीर्तिपुर
Email: drbngautam@icloud.com

**शोधसार**

*२००७ सालको राजनैतिक परिवर्तनलाई भित्री हृदयदेखि नै नरुचाएका राजा महेन्द्रले आफ्नो राज्यारोहणकै बेलादेखि शाही एकाधिकार कायम गर्ने भित्री चाहना अनुरूप शासन सुरु गरेका थिए । २००७ सालको परिवर्तन सम्भव बनाउने नेपाली कांग्रेसलाई उपेक्षा गरेरै बढ्ने नीति अवलम्बन गरेका राजा महेन्द्रले राजनैतिक अस्थिरतालाई बढावा दिँदै विवादास्पद घोषणा गराउने र आफ्नो हात माथि पारेर निर्णय गराउने गर्दै बढ्ने नीति लिए । राजनैतिक दलहरूको शक्ति र क्षमता जाँच्न प्रत्यक्ष शासन समेत गर्ने काम गरेका उनले राजनैतिक दलहरूकै कारणले चुनाव हुन नसकेको भन्ने पारेर चुनाव टार्ने प्रयास समेत गरे । उनको भित्री नियत बुझेका नेपाली कांग्रेस समेतका दलहरूबाट अत्यन्त संयमता अपनाएर व्यवहार गरियो । जसले गर्दा आफ्नो नीति पूर्ण कार्यान्वियन गर्न नपाएका राजा महेन्द्रले चार वर्षको अन्तरिम शासन कालमा चुनाव सम्बन्धी विवाद उठाएर राजनैतिक दलहरूलाई लडाउने गलाउने गर्दै संविधान सभाका सट्टा संसदको चुनाव मान्न बाध्य बनाउने, राजनैतिक दलहरूलाई फकाएर फुटाउने, कतिपय दलहरूमा विकृतिहरू भित्र्याइदिनेदिने र प्रमुख राजनैतिक शक्तिको रूपमा आफ्नो उदयको मार्ग प्रशस्त पार्ने काम गरे । उल्लेखित सफलताका लागि अवसरवादी चरित्रका राजनीतिज्ञहरूलाई नै प्रयोग गरेका राजा महेन्द्रले बाध्यात्मक अवस्थामा चुनाव गराए तापनि त्यसको परिणामलाई स्थायित्व प्राप्त गर्नै दिएनन् ।*

**शब्दकुञ्जी**: शाही विशेषाधिकार, राजनैतिक महत्त्वाकांक्षा, चुनाव सम्बन्धी विवाद, राजनैतिक शक्ति, शासकीय भूमिका ।

**अनुसन्धान विधि**

राजनैतिक इतिहास भनेको देशको राजनैतिक व्यवस्थाको यथार्थ दर्पण हो । यसले राज्य व्यवस्थाका समसामयिक सम्पूर्ण पक्षहरू माथि सचेतताका साथ गहन अध्ययन विश्लेषण गर्दछ । राज्य व्यवस्था सञ्चालनका क्रममा उठेका जनआवाज, जनचाहनाका विविध पक्षहरू, शासकीय स्वभाव र नीति, जनअपेक्षाले ल्याएका बहुआयामिक परिवर्तन, फेरबदल, जनशक्तिको अजेयता, उपलब्धि एवं निरङ्कुश दमन र त्यसको परिणती आदि बारे कालक्रम समेतका आधारमा अध्ययन विश्लेषण गर्ने कार्यमा राजनैतिक इतिहास महत्त्ववपूर्ण हुन्छ । मानवीय चाहनाका यथार्थ पक्षहरू कसरी दबाइन्छन्, जनचाहना माथि निरङ्कुशता कसरी हावी हुन पुग्दछ र निरङ्कुश शासकले कसरी आफ्ना चाहना माथि पार्न वा लादन सफल हुन्छन् भन्ने समेतको विश्लेषणात्मक प्रस्तुतिका लागि राजनैतिक इतिहास अत्यन्त ओजश्वि र महत्त्वपूर्ण शास्त्र मान्ने गरिन्छ । उल्लेखित पक्षहरूलाई आत्मसात गरेर २००७ सालको परिवर्तनपछि आफ्नो प्रभाव कायम गर्न बढेको राजतन्त्रलाई राजा महेन्द्रबाट कसरी अग्रगमनको बाटोमा बढाइयो ? देशको राजनीतिमा प्रभावशाली स्थान कायम गरेको राजनैतिक दलहरूलाई पनि राजाले कसरी पन्छाउन सके ? कसरी आफूलाई मुख्य राजनैतिक शक्ति बनाउन राजा सफल भए ? आदि प्रश्नहरूको विश्लेषणात्मक उत्तर खोज्ने प्रयास गरिएको यो लेख प्राथमिक र सहायक स्रोतहरूमा अन्तर्निहित भएर तयार पारिएको छ । मौलिक स्रोत–सामग्रीहरू समेतबाट प्राप्त सूचनालाई स्थानापन्न गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको यस लेखमा पुस्तकालयीय अध्ययन, दस्तावेज एवं पत्रपत्रिकाहरू, अन्तर्वार्ता एवं मन्तव्य समेतबाट जुटाइएका जानकारीहरू आदिबाट प्राप्त तथ्यहरूलाई विश्वसनीयता मापनसमेत

गरेर प्रयोग गर्ने काम भएको छ । विवरणात्मक एवं विश्लेषणात्मक स्वरूप लिन पुगेको यस लेखमा गर्भे टिप्पणीको प्रयोग गरेर स्रोतहरूलाई सन्दर्भ सामग्री सूचीमा विधिवत किसिमले संयोजन गरिएको छ ।

**विषय प्रवेश**

नेपालको राजनैतिक इतिहासमा महेन्द्र शासनकालको महत्त्वपूर्ण प्रारम्भिक चरणका रूपमा चिनिने अन्तरिम शासनकाल २०११–२०१५ लाई महेन्द्र महत्त्वकांक्षाको विजारोपण कालका रूपमा पनि लिनु पर्दछ । २००७ सालको परिवर्तनलाई खासै नरुचाएका राजा महेन्द्रले आफ्ना पिताको अन्तरिमकालीन शासनलाई विश्लेषणात्मक किसिमले अनुगमन गरेका थिए । २००७ सालको परिवर्तनका लागि अंश दान गर्न नसक्ने एवं नपाउने राजनीतिज्ञहरूमा नेपाली कांग्रेसप्रतिको इष्र्याभाव एवं सत्तासिन हुने बढ्दो चाहना देखे बुझेका उनले आफ्नो चाहना पूरा गराउने क्रममा वी.पी. एवं सुवर्ण, मातृका समेतको क्षमता, अडान थाहा पाउने अवसर पनि पाएका हुन् । २००७ सालको क्रान्तिका उपलब्धि संस्थागत हुन दिएमा राजतन्त्रको प्रभाव कायम गर्न नसकिने यथार्थ बुझेको हुँदा नै आफ्नो राज्यारोहण हुना साथ क्रान्तिका पक्षधरहरूलाई पाखा पार्ने नीति नै महेन्द्र नीति बनेको हो । आफ्ना पिताको समयदेखि नै देशका राजनैतिक दलहरू मन्त्री मण्डलमा जाने होडबाजीमा लागेर चुनाव सम्बन्धी विषयलाई खासै वास्ता नगरेको तथ्य बुझेका राजा महेन्द्रले सत्ताको विषयमै राजनैतिक दलहरूलाई खेलाउने झुलाउने गर्दै गए । राज्यारोहण भएको लगत्तैजसो चुनाव गराउने, संविधान बनाउने आदि विषयमा चासो लिएको देखाएका राजा महेन्द्र संविधानको स्रोत आफै बन्ने र संसदको चुनाव गराउने भित्री लक्ष्य लिएर पनि उक्त विवादमा आफू नफसिकनै मनोनित प्रधानमन्त्री समेतलाई अगाडि सारेर आफ्ना इच्छा पूरा गराउने अभियानमा लागे । जनाधार भएका राजनैतिक दलहरूलाई पन्छाएर राजनैतिक अस्थिरता एवं वैमनस्यताको राजनीति भित्र्याउँदै आफ्नो क्रियाशीलताको बाटो फराकिलो पार्ने भित्री लक्ष्य लिएका राजा महेन्द्र चुनावमा कसैले बहुमत नल्याउनेमा विश्वस्त भएपछि मात्र चुनाव हुन दिन मानेका हुन् । जसरी भए पनि जनताको सर्वोच्चता कायम गर्न चाहेका राजनेताहरूबाट राजाको महत्त्वकांक्षा बुझेर पनि नबुझे  झैँ गरेकाले नै आम निर्वाचन २०१५ सम्म हुन सकेको हो ।

२००७ सालको परिवर्तन पछिका दिनहरूमा नेपालको राजनीतिमा विकसित होडबाजी एवं इष्र्या–द्वेषको भावनाले गर्दा एकजुट हुन नसकेका राजनैतिक दलहरूले नै संविधान सभाको विषयलाई खासै वास्ता गरेनन् । चुनावमा सफल हुने विश्वास लिएको नेपाली कांग्रेसले जति नै अरू दलहरूबाट पनि एकतापूर्ण भावना प्रकट गरेको भए राजा महेन्द्रको संविधान सभा विरोधी नीति कार्यान्वयन हुनै सक्दैनथ्यो । देशमा कांग्रेस समेतका मुख्य दलसँग मोलतोल गर्ने समेतका दल एवं स्वतन्त्र राजनीतिज्ञहरूले कांग्रेसलाई भन्दा राजालाई साथ दिने निर्णय गरेकाले राजा महेन्द्र प्रभावित अन्तरिम शासनकाल बन्न सकेको हो । जसबारे प्राप्त सूचना एवं स्रोत साधन समेतका आधारमा विश्लेषण प्रयास गर्दै यस लेखमा राजा महेन्द्रकालीन अन्तरिम सरकारबारे प्रकाश पार्ने कार्य गरिएको छ । जसबाट निरङ्कुश राजतन्त्रको विजारोपण गर्न राजा महेन्द्र कसरी सफल भएका हुन् भन्ने आँकलन समेतका लागि सघाउ पुग्ने आशा गर्न सकिन्छ ।

**तथ्य विश्लेषण**

उपचारका लागि स्विटजरल्याण्ड पुगेका राजा त्रिभुवनलाई भेट्न पुगेका राजकीय परिषद् अध्यक्ष एवं युवराज महेन्द्रले कार्याधिकार पाएर फर्केपछि आफ्नै किसिमले काम गर्न थालिसकेका थिए । नेपाल र नेपालीको स्थितिमा परिवर्तन ल्याउन राजशक्ति र जनशक्ति बीच मेल हुँदैपर्दछ, राजा पनि प्रजातन्त्रका पक्षमा प्रतिध्वनित हुनैपर्दछ र प्रजातन्त्रको संस्थागत विकास एवं मुलुकको रूपान्तरणमा राजाले साथ सहयोग दिनुपर्दछ भन्ने नीति अनुरूप क्रियाशील नेता वी.पी. को पक्षलाई त्यति मन नपराउने महेन्द्रले राज प्रतिनिधिको अवसर पाएदेखि नै शाही प्रभुत्व वृद्धिमा चासो दिन थालेका थिए (शर्मा, २०५९ असार २२) । संविधान सभाको चुनावको विषय पन्छाउनेदेखि क्रान्तिकारी शक्तिलाई पन्छाएर आफ्ना चाटुकारहरूलाई साथ लिएर शासन गर्ने बाटोमा राज संस्था बढेपछि उत्पन्न राजनैतिक अस्थिरताले शान्ति सुरक्षामा समस्याको स्थिति ल्याउने, स्वतन्त्र न्यायालयको

अभाव हुने, नागरिक हक अधिकार खोसिने, महङ्गी बढ्ने भएपछि राज संस्थालाई सही मार्गमा ल्याउन सत्याग्रह आन्दोलनको जानकारी दिएको नेपाली कांग्रेसले २०११ साल पौष २६ अर्थात् सन् १९५५ जनवरी १० का दिन आन्दोलन थालेको थियो।

प्रारम्भमा आलोचना गरेका अरू राजनैतिक दलहरूले साथ नदिए तापनि केही समयपछि नेपालको कम्युनिष्ट पार्टी नियन्त्रित जनअधिकार सुरक्षा समितिका सदस्यहरूले नेपाली कांग्रेसको सत्याग्रहमा भाग लिएका थिए । केही दिनको आन्दोलनकै अवस्थामा नेपाली कांग्रेसले उठाएका मागहरू जायज भएको स्वीकार गरेका राज प्रतिनिधि अर्थात् राजकीय परिषद् अध्यक्ष युवारज महेन्द्रले मागहरू पूरा गर्न कार्वाही चलाउने जानकारी दिँदै समाचार पठाए (गुप्ता, सन् १९९३ : ९२)। सकेसम्म समझदारीको नीति अनुरूप बढ्ने चाहना लिएका वी.पी. ले युवराजको समाचार पाउना साथ साथीहरूसँग सल्लाह गरेर सत्याग्रह आन्दोलन स्थगन गरे। त्यसबाट रिसाएका वामपन्थीहरूले जनआन्दोलन रोकेर नेपाली कांग्रेसले विश्वासघात गरेको दोष लगाउँदै आन्दोलन आफ्नै किसिमबाट बढाउने नीति लिए (रोज एण्ड जोशी, सन् १९६६ : १२२)। जसले गर्दा उत्पन्न मतभिन्नतालाई केही तत्वहरूले बढावा पनि दिएकाले सुरु भएको प्रदर्शनमा उग्र भएका केही तरुणहरूलाई गिरफ्तार गरिएकोमा बहालवाला प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाका छोरा र परराष्ट्र मन्त्री डिल्लीरमण रेग्मीका छोरा पनि परेकाले राजपरिषद् अध्यक्ष युवराज महेन्द्र झस्किनु पर्यो । त्यसपछि २०११ साल फाल्गुण ७ अर्थात् सन् १९५५ फेब्रोअरी १८ मा स्टिजरल्याण्डबाट राजा त्रिभुवनले नेपाली जनताका नाममा पठाएको सन्देश रेडियो नेपालबाट प्रशारण गराउँदै राजामा निहित सम्पूर्ण शाही अधिकार युवराजलाई दिइपठाएको व्योहोरा सार्वजनिक गराएपछि युवराज महेन्द्रले आफ्नो सन्देश जारी गरे। जसद्वारा राजकीय परिषद् भंग भएको र भ्रष्टाचार निवारण अफिस, पब्लिक सर्भिस कमिसन, कमाण्डरी किताब खाना, सेन्ट्रल इन्टेलिजेन्स व्युरो आदि कार्यालय आफ्नो नियन्त्रणमा लिई विधिवत सक्रिय शासन थालेको सन्देश प्रवाह गरेका युवराज महेन्द्रले त्यसको १२ दिनपछि अर्थात् वि.सं. २०११ फाल्गुण १९ गते वा सन् १९५५ मार्च २ मा राजिनामा स्वीकार गरेको भन्दै मातृकाप्रसाद कोइराला सरकार भंग गरिदिए (देवकोटा, २०१६ : २८२)। यसप्रकार सुरुदेखि नै संसदीय पद्धतिलाई नरुचाएका युवराज महेन्द्रले राजा बन्नु अगावै कार्यकारी अधिकार पाउनासाथ आफ्नो चाहनामा नचल्ने एवं प्रजातान्त्रिक पद्धतिमा विश्वास गर्नेहरूलाई नरुचाउने नीति स्पष्ट पार्दै आफ्नो भूमिका स्थापना गरिछाड्ने सङ्केत दिए।

हृदय रोगको उपचारका लागि भर्ना भएको स्विटजरल्याण्डको ज्यूरिच स्थित क्यान्टोनल अस्पतालमै २०११ साल फाल्गुण ३० अर्थात् सन् १९५५ मार्च १३ का दिन राजा त्रिभुवनले प्राण त्यागेपछि उनको राजप्रतिनिधि बनेर काम गरिरहेका युवराज महेन्द्रको राज्यारोहणको बाटो खुल्यो । २००७ सालको परिवर्तनदेखिका घटनाहरू नियाली रहेका र राजनीतिक स्थितिबाट सन्तुष्ट नभएकाले गर्दा सुरुदेखि नै प्रजातान्त्रिक व्यवस्थाप्रति सकारात्मक भएनन् (मानन्धर र शर्मा, २०५३ : ४५)। राज्याधिकार पाउना साथ मातृका सरकारको विघटनसँगै राजकीय परिषद् भंग गरेदेखि नै सतर्क बनेको नेपाली कांग्रेस सङ्गठन बिस्तारमा लागेको थियो भने आफ्नो प्रभाव बढाउन चाहेका राजा महेन्द्रले राज्यारोहणकै क्षणदेखि खुलेरै नेपाली कांग्रेसलाई पन्छाउने नीति लिए। पिता त्रिभुवनले सम्पूर्ण राजकीय अधिकार प्रदान गरेको सन्देश सार्वजनिक गरेकै दिन जारी घोषणाद्वारा प्रजातन्त्र आएको ४ वर्ष बितिसक्दा पनि सुहाउँदो ४ वटा कार्यहरू भएको भन्न सक्ने अवस्था नभएको शर्मनाक अवस्था रहेको, प्रजातन्त्र बालकै छ भनौँ भने बालकमा हुनै नसक्ने स्वार्थ, लोभ, इर्ष्या जस्ता गुणहरू प्रशस्तै देखिएको र हुन्नयो भन्नका लागि पनि फस्टाएको भन्न मिल्ने केही कतै नदेखिएको दुर्भाग्यपूर्ण अवस्था रहेको जनाएर धेरै कुराहरूको समाधान गर्न जरुरी रहेको भन्दै प्रजातान्त्रिक पद्धतिलाई नै कटाक्ष गरिसकेका थिए (देवकोटा, २०१६ : २८३)। आफ्ना क्रियाकलाप एवं सन्देशहरूबाट २००७ सालको परिवर्तन पछिका ४ वर्षको शासन पद्धतिप्रति त्यति आस्था नजागेको प्रकट नै गरेका महेन्द्रबाट राजा नै भएपछि आफ्नो प्रभाव देखाउन खोज्नु अस्वाभाविक पनि थिएन।

मातृकाप्रसाद कोइराला नेतृत्वको सरकार विघटन गर्दा देशका राजनैतिक सामाजिक संस्थाहरूको सुझाव र जनताको यथाशक्य मद्दत लिई प्रजातान्त्रिक तरिकाले सरसल्लाह छलफल गरी उचित ठहरिए बमोजिम जनताको विश्वासपात्र भई देशको

हित गर्ने मन्त्रिमण्डल बनाउन केही समय लाग्ने भएकाले आफैmले देशको शासनभार ग्रहण गरेको जनाएर प्रत्यक्ष शासन नै सुरु गरिसकेका थिए (देवकोटा, २०१६ : २८४)। त्यसको ११ दिनपछि पिताको निधन भएकाले राजा भएका उनले पूरा एक महिनाको क्रियाशीलतापछि २०१२ साल वैशाख १ गते अर्थात् सन् १९५५ अप्रिल १४ का दिन सरदार गुन्जमान सिंह, आनन्द शमशेर ज.ब.रा, भोगेन्द्र राज, साहेबज्यू सुरेन्द्रविक्रम शाह, अनिरुद्धप्रसाद सिंह रहेको पाँच सदस्यीय शाही सल्लाहकार परिषद् गठन गरेर सरदार गुन्जमानसिंहलाई प्रमुख सल्लाहकार बनाई राय सल्लाह मुताबिक प्रत्यक्ष शासन गर्ने व्यवस्था मिलाए।

सल्लाहकारहरूको नियुक्ति भएपछि राजनैतिक दलका नेताहरूद्वारा प्रत्यक्ष शासनको विरोध भयो भने राजा महेन्द्रबाट सल्लाहकारहरूलाई देखाएर आफ्नै प्रत्यक्ष शासन चलाउने काम भयो। राणाहरूको एकतन्त्रीय शासनमा नै पालिएकाहरूलाई सल्लाहकारका रूपमा नियुक्त गर्ने तर आफ्नो प्रत्यक्ष शासन चलाउने राजाको शैलीबाटै उनको नीति बुझेका कांग्रेस नेताहरू, प्रजा पार्टीका अध्यक्ष, प्रजापरिषद्का अध्यक्ष आदिले तीव्र विरोध गरिरहे। त्यसबाट अप्ठेरोमा पर्ने स्थितिको आभास पाएपछि जनतालाई आफूले ठिक गरिरहेको पार्न चाहेका राजा महेन्द्रले संघ संस्थाका प्रतिनिधिहरूको भेला बोलाए। जनस्तरबाट कस्तो शासन व्यवस्थाको चाहना राखिएको हो भन्ने स्पष्ट गर्नका लागि विचार विमर्श गर्न भन्दै नारायणहिटी राजदरबारमा बोलाइएको भेलामा भाग लिनका लागि देशका सम्पूर्ण राजनीतिक संघ संस्थाका प्रतिनिधिहरूलाई आह्वान गरेका राजाले २०१२ साल वैशाख २५ अर्थात् सन् १९५५ मे ८ को तिथि निर्धारण गरे। देशका मुख्य राजनैतिक शक्ति मानिएका नेपाली कांग्रेस, प्रजापरिषद् (भद्रकाली समूह), नेपाली राष्ट्रिय कांग्रेस रेग्मी गुट, गोरखा दल आदिले भाग लिन अस्वीकार गरेको उक्त सम्मेलनमा विभिन्न १२९ वटा राजनैतिक र सामाजिक संघ सङ्गठनका प्रतिनिधिहरूले भेला भएर वैशाख २५ देखि जेठ २ गतेसम्मको अवधिमा विचार विमर्श गरेर प्रत्यक्ष शासनको समाप्ति, शीघ्र आमचुनाव हुनुपर्ने, प्रजातान्त्रिक प्रणालीमा आधारित शासन व्यवस्था हुनु पर्ने र सल्लाहकार सभा विघटन गर्नै पर्ने मागलाई सुझावका रूपमा प्रस्तुत गरे (गोरखापत्र, २०१२ जेठ ४)। सबैका कुरा सुनेपछि थप कुराकानी गरेर निर्णयमा पुगौँला भन्दै कार्यक्रम समाप्त गरेका राजाले अन्य केही व्यक्तिहरूसँग छलफल गरेझैँ गरेर २०१२ साल श्रावण १४ गते अर्थात् सन् १९५५ जुलाइ २९ का दिन एक शाही घोषणा जारी गरेर २०१४ साल आश्विन अर्थात् सन् १९५७ अक्टोबरको थालनीदेखि आम निर्वाचन थालिने घोषणा गरे (गौतम, २०५४ : ८३)। आम निर्वाचन संसदका लागि वा संविधान सभाका लागि भन्ने कुरा समेत नखुलाइकन गरेको चुनाव घोषणाले जनमानसमा उत्साहका सट्टा भ्रम र अन्यौल उत्पन्न भयो।

चुनाव गराउनका लागि नभएर विवाह र मतभिन्नता उत्पन्न गराएर आफ्नो प्रभाव वृद्धि गर्ने उद्देश्यले चुनाव गराउँछु भनेका राजा महेन्द्रको सोच अनुरूप चुनाव केका लागि भन्ने विषयमा कुरा उठाएका राजनैतिक दलहरू दबाबमूलक कार्यक्रम गर्न थाले। त्यसलाई खासै वास्ता नगरेका राजा महेन्द्रले भने देशका स्थानीय क्षेत्रहरूको यथार्थ अवस्थाको जानकारी राख्ने नीति अनुरूप प्रशासनिक अध्ययनका नाममा गतिविधि थाले। देशका जिल्ला अर्थात् स्थानीय प्रशासनको वास्तविक गतिविधि अवस्था अध्ययन गरी चुस्तदुरुस्त पार्न आवश्यक कदम चाल्ने वा कार्यकुशलता कायम गराउने उद्देश्यले भन्दै नौवटा शाही आयोग गठन गरेका राजाले देशैभरका गौँडाहरूमा पठाएर जिल्लाहरूको वास्तविक गतिविधि, जनताहरूका पिरमर्का, राजनैतिक दलहरूको स्थिती अवस्था बुझेर प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकेका थिए (शर्मा, २०४८ : ४२७)। बाहिर जे भने तापनि जनतामा नेपाली कांग्रेसप्रतिको आकर्षण कति र कस्तो अवस्थामा छ ? अरू दलहरूको जनआधार कस्तो छ ? चुनाव गराएमा कसले जित पाउने सम्भावना छ ? आदि जानकारी बटुल्ने भित्री उद्देश्य लिएका राजा महेन्द्रले शाही आयोगका पदाधिकारीहरूलाई देशव्यापी रूपमा पठाएर प्रतिवेदन प्राप्त गरे तापनि त्यसबारे कुनै जानकारी सार्वजनिक गरेनन् (थापा, २०६९ चैत्र १; पन्थी, २०५८ कार्तिक २६)। जसबाट राजा महेन्द्रको नीति अर्थात् जनआधार भएका राजनैतिक दलहरूलाई पन्छाएर जनमानसमा आफ्नो प्रभाव कायम गर्ने चाहना झनै प्रस्ट भएकाले संविधान सभाको चुनाव गराइयोस् भन्ने माग अगाडि सारको नेपाली कांग्रेस समेतका परिवर्तन पक्षधर दलहरूले दबाबमूलक कार्यक्रम गर्नेदेखि जनस्तरमा पुगेर सङ्गठन सुदृढ पार्ने कार्यलाई निरन्तरता दिँदै गए।

चारैतिरबाट विरोधका चर्का आवाजहरू उठाउने, राज्यको प्रत्यक्ष शासनको विरोध गर्ने, राजा प्रजातन्त्र विरोधी भएको प्रचार गर्ने कार्यबाट थप समस्या सिर्जना हुने अवस्था भएकाले पुनः केही समय अल्मलाउने सोचमा रहेका राजा महेन्द्रले २०१२ साल भाद्र ३ गते अर्थात् सन् १९५५ अगस्ट १९ को तिथि तोकेर नेपाली कांग्रेस, नेपाली राष्ट्रिय कांग्रेस रेग्मी समूह, प्रजापरिषद् आचार्य समूहका नेताहरूलाई बैठकमा बोलाए। प्रारम्भमै कुन कुन दलका कति कति जनालाई लिएर मन्त्री मण्डल बनाउनुपर्दछ, अन्तरिम सरकार कुन किसिमले गठन गर्दा प्रजातान्त्रिक ढङ्गले काम हुन सक्दछ, सरकारमा के कस्ता दल, कतिवटा दलका प्रतिनिधि वा स्वतन्त्र व्यक्ति राख्दा उपयुक्त हुन्छ, कसलाई प्रधानमन्त्री बनाउँदा ठिक हुन्छ, सरकारको नीति कस्तो हुनुपर्दछ र जनताको भलाइसँगै प्रजातान्त्रिक ढङ्गबाट काम गर्न के कसो गर्दा उपयुक्त हुन्छ आदि प्रश्न सोधेका राजाले स्पष्ट उत्तर दिन भने। उपस्थित सबै जसो नेताहरूबाट प्रत्यक्ष शासन समाप्त गर्ने कुरामा जोड दिएपछि व्यक्ति विशेषलाई भन्दा प्रजातान्त्रिक प्रणालीलाई महत्त्वव दिनु राम्रो हुने जनाएर एउटै पार्टीको वा संयुक्त पार्टीहरूको संयुक्त सरकार गठन गर्नु उपयुक्त हुन्छ भनेर फर्केपछि सबै जसो मिलेर वक्तव्य नै जारी गरेर उल्लेखित धारणा नै सार्वजनिक गरेका थिए। राजा समक्ष नै धारणा राख्ने क्रममा प्रतिपक्षी वा विरोधी दल बनेर बस्ने जनाउँदै जसलाई सरकार बनाउन दिए पनि मान्ने भनेर गोरखा परिषद्ले बाटो खोली दिएपछि बाँकी ३ वटा दलहरूद्वारा कुनै एकलाई सरकार गठन गर्न दिएमा बाँकी दुई दलले सरकारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरियो भन्ने पनि पाइन्छ (गुप्ता, सन् १९९३ : १०१; देवकोटा, २०१६ : ३०९–३११)। जनस्तरमा आफ्नो नीति र कार्यप्रति गलत सन्देश नपुगोस् र राजनैतिक दलहरूले आफ्नो नेतृत्वमा सरकार गठनको माग गरुन् भन्ने भित्री चाहना लिएका राजा महेन्द्रले राजनैतिक दलहरूमै आपसी मेल नभएकाले प्रत्यक्ष शासन गर्न बाध्य भएको सन्देश पुर्‍याउने अवसर खोज्न बोलाएको बैठकले सर्वसम्मत धारणा राखेपछि पुनः केही समय चुप्पि साध्ने वा पर्ख र हेरको नीति लिने काम गरे। त्यसबाट रिसाएको नेपाली कांग्रेस पार्टीको छैठौँ अधिवेशनबाटै सशक्त निर्णय गरेर जवाफ दिने नीति अनुरूप बढेर तयारी पूरा गर्नेतिर लाग्यो।

यथार्थमा लोकप्रियता कमाइसकेको र सैद्धान्तिक अडान राख्ने नेताहरूलाई सरकार बनाउन चलाउन दिँदा आफ्नो प्रभाव कम हुने, आफ्नो चाहना अनुरूप काम नहुने र उनीहरू आफ्नो पकडमा नरहने तथ्य बुझिसकेको हुनाले राजा महेन्द्रबाट त्यसपछि पनि लामो समयसम्म सरकार गठन नगरी विचार विमर्श, वार्ता आदिका बहानामा समय बिताउने काम भयो। आफ्नो पार्टीको राष्ट्रिय महाधिवेशनको तयारीसँगै सङ्गठन विस्तारमा खटिरहेको नेपाली कांग्रेसका नेता वी.पी. कोइरालाको सबल नेतृत्वमा गतिशील सबै जसो नेताहरूबाट २००७ सालको क्रान्तिले ल्याएको प्रजातन्त्र, त्यसको सन्देश र यथार्थ नीति जनसमक्ष पु¥याउने अभियानमै समर्पित भएपछि देशमा जातिगत एवं क्षेत्रगत विभेद समाप्त भएर राष्ट्रियताको भावना बलियो भयो। त्यसै क्रममा पहिलो पल्ट मधिसेहरू पहाडी साथीकहाँ पार्टी प्रचार गर्न पुग्ने, नेवारहरूले काठमाडौँ उपत्यकालाई मात्र आफ्नो क्षेत्र नठानी मेची र महाकाली घुमेर प्रजातन्त्रको सन्देश दिने कार्यमा लागि पर्ने, भोटेसँग राजनीतिक एकताको महत्त्व दिएर एकात्मक सम्बन्ध कायम गर्न पर्वतेहरू भोटतिर उक्लन थाल्ने, पूर्वका राई लिम्बुहरू पश्चिमका मगर र गुरुङका गाउँमा पुगेर प्रजातान्त्रिक हक अधिकारको रक्षाका लागि सतर्क रहने आह्वान गर्ने कार्य भएकाले नेपाली कांग्रेसको चारतारे झण्डामुनी समाहित भएर मेची महाकालीसम्म एक नयाँ भावना अर्थात् राष्ट्रियताको भावनाको सूत्रपात हुँदै गयो (पोखरेल, २०४० : ५१–५२)। क्रान्ति तयारीकालमै घोषणापत्र जारी गर्दा राजा समक्ष पनि पछि गएर स्वेच्छाचारी एवं निरङ्कुश शासक बन्ने वा हुनसक्ने बाटो नरहोस् भनी वैधानिक शासकको हैसियत दिई त्यसै अनुसारका अधिकार दिने प्रस्ट पारेपछि देशको शासन जनताका प्रतिनिधिहरूद्वारा निर्मित विधान अनुसार राजाकै नाममा सरकार चल्ने व्यहोरा प्रस्ट्याएर राजाका सम्बन्धमा स्पष्ट धारणा बनाइसकेको नेपाली कांग्रेस खबरदारी अभियानमा बढिनै रह्यो। पार्टी नेताहरूबाट देशव्यापी दौडाहा गरेर हलचलयुक्त वातावरण निर्माण गरिरहेकै अवस्थामा नेपाली कांग्रेसबाट २०१२ साल माघ ९ गते अर्थात् सन् १९५६ जनवरी २३ बाट छैठौँ महाधिवेशन गर्ने तिथि तोकेर वीरगञ्जलाई महाधिवेशन स्थल तोक्ने काम भयो।

क्रान्तिका उपलब्धि रक्षाको लागि आवश्यक आधारहरू तयार गर्ने लगायतका लक्ष्य लिइएको छैठौँ महाधिवेशन निर्धारित तिथि अर्थात् २०१२ साल माघ ९ गते शहिद थिरबम मल्ल नगर नामाकरण गरिएको वीरगञ्जमा प्रारम्भ गरेको नेपाली कांग्रेसले विधिवत घोषणापत्र पारित गरेर समाजवादी पार्टीमा रूपान्तरण गर्यो । पार्टीभित्र विद्यमान् सुधारवादी अर्थात् सम्झौतावादी नीतिमा विश्वास राख्ने र क्रान्तिकारी परिवर्तनका लागि सङ्घर्ष आवश्यक देख्नेहरू खुलेरै अगाडि आएको उक्त महाधिवेशनमा सम्झौता गरेर उपलब्धि संस्थागत गर्ने पक्षपातिहरूले अध्यक्षमा सुवर्ण शमशेरलाई समर्थन गरे भने प्रजातन्त्र विरोधी देखिन थालेका राजा लगायतका अवैधानिक चाहना परास्त गर्न सङ्घर्षकै बाटो चाहिन्छ भन्नेहरूले गणेशमान सिंहलाई समर्थन गरे । त्यस्तो जटिल अवस्थामा पनि चतुर्याइ साथ कदम चालेका वी.पी. ले भने गणेशमान सिंहको पनि स्थिति राम्रो प्रमाणित गराउँदै सुवर्ण शमशेरलाई अध्यक्षमा जिताउने वातावरण बनाइदिए (गौतम, २०७७ : १३८–१३९) । नवनिर्वाचित पार्टी सभापतिका रूपमा सम्बोधन गर्दा खुलेरै प्रस्तुत भएका सुवर्ण शमशेरले समाजवादी व्यवस्थाको आवश्यकता प्रस्ट पारेपछि आमजनता एवं पार्टी कार्यकर्तामा देखिएको राजाप्रतिको आक्रोशलाई समेटेर वाणी पनि दिए । राजा त्रिभुवनले जनतालाई साथ दिने काम गरेकाले राजतन्त्र प्यारो भएको–राजतन्त्रलाई हानी नपुगोस् भन्ने कामना गरिरहेको जनाएपछि वैधानिक प्रजातन्त्रमा केवल प्रजाहरूको मात्र कर्तव्य हुने नभएर राजाको पनि कर्तव्य हुन्छ, राजाको कर्तव्य पनि विधानको सीमाभित्र रहन्छ, १६ औँ, १७ औँ शताब्दीको निरङ्कुश राजतन्त्र आजका दिनमा चल्न सक्दैन, वर्तमान राजाबाट चाडोभन्दा चाडो प्रजातन्त्रप्रति भएको विश्वासको परिचय जनतालाई दिने काम गरिनेछ, नत्र जनताको आधार र विश्वासमा निर्बलता आउने छ जुन हानिकारक हुनेछ भन्दै आलङ्कारिक शब्दहरूबाट फकाउँदै स्पष्ट रूपले चेतावनी नै दिने काम गरे (थापा आदि (सम्पा.), २०६७ : ११३) । जसबाट नेपाली कांग्रेसका कार्यकर्ताहरूसँग आम जनसमुदाय समक्ष नै राजाप्रति आक्रोशको भावना बढ्ने स्थिति बलियो हुँदै गयो ।

देशका महत्त्ववपूर्ण राजनैतिक दलहरूबाट व्यापक असन्तुष्टि व्यक्त गरिएको क्रम बढेपछि र देशको मुख्य पार्टी नेपाली कांग्रेसको राष्ट्रिय महाधिवेशनमै विषय उठेर महत्त्वपूर्ण प्रस्ताव पारित नै हुने सम्भावना देखेपछि अप्ठ्यारोमा परिने ठानेका राजा महेन्द्रले नेपाली कांग्रेसको महाधिवेशन सकिने समयसम्म पनि पर्खन सकेनन् । नेपाली कांग्रेस महाधिवेशनको समापन सम्बन्धी व्यवस्थापनमा व्यस्त भइरहेकै बेला एक्कासी टङ्कप्रसाद आचार्यलाई प्रधानमन्त्री बनाएका राजा महेन्द्रले आफू अनुकूलका मानिसहरू राखेर मन्त्री मण्डल गठन गरे । २०१२ साल माघ १३ गते अर्थात् सन् १९५६ जनवरी २७ का दिन जारी गरेको शाही घोषणामा राजनैतिक पार्टीहरूसँगको वार्तामा सर्वसम्मत निर्णय आउन नसक्दा संयुक्त मन्त्री मण्डल गठन प्रयास विफल भएकाले र मौजुदा परिस्थितिलाई कायमै राख्ने इच्छा पनि नभएकाले प्रजातान्त्रिक प्रणालीलाई ध्यानमा राखी जनसहभागिताका आधारमा शासन व्यवस्था प्रजातान्त्रिक ढङ्गले चलोस् भन्ने अभिप्रायले टङ्कप्रसाद आचार्यको नेतृत्वमा नयाँ मन्त्री मण्डल गठन गरिएको व्यहोरा सार्वजनिक गरे (परमानन्द, सन् १९८२ : १४८; शाही, २०५२ : २७; देवकोटा, २०१६ : ३७१–३७३) । राजनैतिक दलहरूलाई सत्ता दिनै मन नगरेका राजाबाट आफ्नो नियतलाई चोख्याउने चाहना अनुरूप झुठ बोलेर राजनैतिक दलहरूमै मेल नभएकाले आफू निर्णय गर्न बाध्य भएको भन्ने देखाउने प्रयास भयो । त्यसै दिनको शाही घोषणाद्वारा प्रत्यक्ष शासन समाप्त गरेर आफ्नो हातमा लिएका शासनाधिकार सुम्पि दिने र आमनिर्वाचन गराउने अभिभारा समेत आचार्य सरकारलाई नै दिने काम गरेका राजा महेन्द्र जनचाहना नै आफ्नो शासनको मूल पक्ष भएको भन्ने भ्रमपूर्ण र कपटी घोषणा गर्न समेत पछि परेनन् ।

देशलाई आत्मनिर्भर सुदृढ र सम्पन्न बनाउने मूल लक्ष्य अनुरूप प्रजातान्त्रिक पद्धतिको संस्थागत विकासको मार्ग अवलम्बन गरेर बढ्ने र प्रजातान्त्रिक आचरण अनुरूप चल्ने राजनैतिक दलका नेताहरूलाई राज्यारोहणकै क्षणदेखि खेलाउँदै प्रत्यक्ष शासनको बाटोमा हिँड्न खोजेका राजाबाट सम्पादित उल्लेखित कार्यलाई पनि आफ्नो दबाबमूलक रणनीतिको परिणामका रूपमा लिएको नेपाली कांग्रेसले सकारात्मक प्रतिक्रिया व्यक्त गर्ने निश्चय गर्यो । आफ्नो महाधिवेशन समापनका

अवसरमा पार्टीको धारणा सार्वजनिक गर्ने क्रममा राजाले निर्वाचनको तिथि निश्चित गर्नुका साथै प्रत्यक्ष शासन अन्त गरेर सरकार गठन गरेको कार्यको स्वागत गर्दै सरकारलाई चुनाव गराउने कार्यमा प्रत्येक क्षेत्रमा सहयोग गर्न तत्पर रहेको प्रतिबद्धता व्यक्त गरियो (गौतम, २०७७ : १४३)। देशका प्रजातान्त्रिक शक्तिलाई उपेक्षा गर्दै गठन गरिएको टङ्कप्रसाद आचार्य मन्त्री मण्डलबाट प्रजातान्त्रिक पद्धति संस्थागत गर्ने किसिमले काम हुँदैन भन्ने यथार्थ बोध गरे तापनि सुरुमै विरोध नगरेको नेपाली कांग्रेसद्वारा संविधान सभाको चुनाव छिटो गराउन दबाब दिने किसिमका कार्य मात्र गरियो। जसले गर्दा विरोधका कारणले काम गर्न नपाएको भन्ने अवसर नपाएको आचार्य सरकारबाट केही रचनात्मक कार्य गरिए तापनि राजा महेन्द्रको इसारामा चल्न बाध्य हुने र नेपाली कांग्रेसप्रति इष्र्याभाव राख्ने स्वभावले गर्दा २००७ सालको क्रान्तिका उपलब्धी संस्थागत गर्ने किसिमका केही कार्य पनि हुन सकेनन् । तब पनि आचार्य सरकारलाई रचनात्मक कार्य गर्न भन्दै सङ्गठन विस्तारमा लागेको नेपाली कांग्रेसबाट नेता–कार्यकर्ताहरूलाई जनस्तरमा पुर्‍याएर जनताका समस्या–पिरमर्का सङ्कलन गरेर सरकारको ध्यानाकर्षण गराउने काम बढाएर जनसमक्ष सशक्त भएर पुग्ने काम भयो।

नेपाली कांग्रेस बाहेकका राजनैतिक दलहरूलाई खासै नगन्ने महत्त्वाकांक्षी र धुर्त स्वभावका राजा महेन्द्रबाट आफ्ना पिताले २००७ साल फाल्गुण ७ गते गरेको ऐतिहासिक घोषणाकै क्रममा जनता समक्ष संविधान सभाको चुनाव गराउन गरेको प्रतिबद्धता विपरीत बढेर षड्यन्त्रका तानाबाना बुन्ने प्रयास भयो। संविधान सभाको चुनाव गराउँदा नेपाली कांग्रेसले बहुमत ल्याउने यथार्थ बुझेका राजाले नेपाली कांग्रेसका प्रमुख नेताहरू आफ्नो पक्षमा नआउने कुरा महसुस गरिसकेका थिए। कांग्रेसको शक्तिलाई विखण्डन गरेका खण्डमा मात्र आफ्नो चाहना पूरा हुने तथ्य पनि बुझेका राजाले नेपाली कांग्रेसकै केही अवसरवादी चरित्रका व्यक्तिहरूमध्ये वी.पी., गणेशमान सिंहसँग विमती राख्नेहरूलाई आफ्नो पक्षमा ल्याउने प्रयास गर्न थाले। निकै सुझबुझ साथ त्यस्ता व्यक्ति छनौट गरेका राजाबाट आगामी कदम के कसरी चाल्ने ? कसरी बढेर काम गर्ने ? कसरी जाने वा अगाडि बढ्ने ? बारे छलफल गर्न भनेर बोलाउने र मनपेट प्राप्त गरेपछि आफ्नो अनुकूल हुने गरी काम गर्न लगाउने गरेर माहौल बनाउँदै राजतन्त्रात्मक मुलुकमा संविधानको स्रोत वा सोर्स राजा मात्र हो भन्ने मान्यता स्थापित गर्न खोजे (जोशी, २०६३ : १२३)। जतिसुकै गोपनियता अपनाएर काम गरे तापनि राजाका कार्यबारे जानकारी चुहिएकाले नेपाली कांग्रेस समेतका राजनैतिक दलहरू समक्ष राजा महेन्द्रको असली नियत स्पष्ट भयो। परिणामस्वरूप सबै जसो मुख्य नेतृत्व वर्गबाट प्रजातन्त्रप्रति निष्ठा नभएका राजाका रूपमा मूल्याङ्कन गरेर उनीबाट केबल अनिष्ट मात्र हुने निष्कर्ष निकाल्ने काम गरिएको थियो।

राजाका क्रियाकलापबाटै उनको नियत प्रस्ट भइसक्दा पनि राजनैतिक दलहरूका असहयोगले चुनाव हुन नसकेको भन्ने आरोप लगाउने मौका नदिने नीतिमा रहेका राजनेताहरू आफ्ना साथीहरूलाई थामथुम पार्न लागिपरेका थिए। राजाबाट आम निर्वाचन केका लागि हुने भन्ने स्पष्ट नपारिकनै २०१४ सालको आश्विन पूर्णिमादेखि चुनाव गराउने प्रतिबद्धता व्यक्त गरिसकेपछि मात्र आपूmलाई प्रधानमन्त्री बनाएर केबल आम निर्वाचन गराउने जिम्मेवारी दिइएको हुँदा स्वयं प्रधानमन्त्री टङ्कप्रसाद आचार्य पनि ठोस निर्णयमा पुग्न सक्ने कुरै भएन। कुनै पनि हालतमा संविधान सभाको चुनाव नगराउने टुङ्गोमा पुगेका राजा महेन्द्रबाट भने प्रधानमन्त्री आचार्यलाई नै माध्यम बनाएर आफ्नो चाहना स्पष्ट पार्ने कार्यको पृष्ठभूमि तयार पारिँदै थियो। त्यो अवस्थामा स्पष्ट कार्य गर्न खोज्नु भन्दा आफ्नो सत्ता जोगाउन नेपाली कांग्रेसलाई सहयोगका लागि आग्रह गर्दै सर्वदलीय सरकार बनाउन खोजेको देखाउन लागेका प्रधानमन्त्री आचार्यबाट राजाको चाहना अनुसार चल्ने जस्ता कार्य गर्न थालियो (पन्थी, २०५८ कार्तिक २६, बस्नेत, २०६० पौष २१)। केही चरणका प्रयासपछि राजाकै भित्री आसय अनुरूप प्रस्तुत भएका प्रधानमन्त्री टङ्कप्रसाद आचार्यबाट राजा त्रिभुवनको पालामा लागु गरिएको अन्तरिम शासन विधानद्वारा राज्यभन्दा शक्तिशाली बनाएको स्वतन्त्र न्यायपालिकालाई कमजोर पारेर राजालाई बलियो पार्ने काम गरिसकेपछि एक्कासी एक घोषणा गरेर नेपालमा अब हुने निर्वाचन संविधान सभाका लागि वा संसदका लागि भन्ने कुरा अभैm किटान भएको छैन भन्दै चुनाव बारे नै अन्यौलता सिर्जना गर्ने काम भयो (गौतम, २०६६ : २६८)। प्रधानमन्त्रीको यस अभिव्यक्तिबाट उनी कसको भाषा बोल्दैछन्

भन्ने स्पष्ट भएकाले परिवर्तन पक्षधर राजनैतिक दलहरूबाट शीघ्रातिशीघ्र संविधान सभाको चुनाव गराइयोस् भन्ने माग गरेर सरकारको आलोचना गर्ने कार्य तीव्र पारियो।

आफ्ना विरुद्धमा भएका आलोचनाबाट कत्ति विचलित नभएका प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले खुलेरै राजाका पक्षमा अभिव्यक्ति दिन थाले। राजाका पक्षधरले झैँ बोल्न थालेका प्रधानमन्त्रीले २०१३ साल जेठ २६ गते अर्थात् सन् १९५६ जुन ८ का दिन वीरगञ्जमा आयोजित एक आमसभामा बोल्ने क्रममा एउटै देशमा राजा र जनता दुवै शक्तिका सर्वोच्च स्रोत हुन नसक्ने भएकाले मुलुकको संविधान बनाउने अधिकार राजामा हुनुपर्दछ भनिदिए (गौतम, २०७७ : १४६)। यस अभिव्यक्तिबाट प्रधानमन्त्री नै संविधान सभाको चुनाव गराउने पक्षमा नरहेको प्रस्ट भएकाले एक्कासी तातेको नेपालको राजनैतिक वातावरणमा डा. के.आई. सिंहको संयुक्त प्रजातन्त्र पार्टी बाहेक सबै जसो राजनैतिक दलहरू विरोधमा उत्रिएर अनुत्तरदायी प्रधानमन्त्रीको राजिनामा माग्न थाले। विरोधको यसै क्रममा प्रधानमन्त्रीको उक्त भनाइ वा अभिव्यक्ति अन्तरिम शासन विधान र नेपाल गजेट विरुद्ध भएको र त्यसले २००७ साल फाल्गुण ७ गतेको शाही घोषणाको उल्लङ्घन गरेको आरोप लगाएका नेपाली कांग्रेस नेता वी.पी. कोइरालाले सर्वोच्च अदालतमा मुद्दा दायर गरे (मानन्धर र शर्मा, २०५३ : ६३; गौतम, २०६२ : २६९)। भारत पटनाका वकिल गुलाव बाबुले आएर वी.पी. का पक्षबाट वहस पैरवी गरेको उक्त मुद्दामा प्रधानमन्त्री टङ्कप्रसाद आचार्यबाट आफूले नेपाली नागरिकका तर्फबाट मात्र त्यसो भनेको भन्दै गरेको पैरवीलाई मान्यता दिएका तत्कालीन प्रधान न्यायाधिशले प्रधानमन्त्री पनि एक नागरिक सरह आफ्ना विचार राख्न स्वतन्त्र हुन्छ भन्दै घोषणा कानून हुँदैन र हैन भन्ने त्रुटिपूर्ण निर्णय दिई प्रधानमन्त्रीले नहार्ने गरी रिट नै खारेज गर्ने फैसला गरिदिए (अधिकारी, २०५८ : ३३३; मानन्धर र शर्मा, २०५३ : ६३)। राजा महेन्द्रको चाहना अनुसार राजा त्रिभुवनका शाही घोषणाका तथ्य एवं प्रतिबद्धतालाई बङ्ग्याउने र गलत धारमा लैजाने काम गरिसकेका टङ्कप्रसाद आचार्यबाट थप कार्य गराउने आवश्यकता नदेखेका राजाले विशेष सङ्केत दिएको भनाइ पाइन्छन्। नेपाली कांग्रेस समेतका दलहरूलाई असन्तुष्ट बनाएको अवस्थामा राजाको सङ्केत समेत पाएपछि बाध्य भएका प्रधानमन्त्री आचार्यले पनि तोकिएको मिति वा समयमा चुनाव गराउन नसक्ने कारण देखाउँदै २०१४ साल आषाढ १९ गते अर्थात् सन् १९५७ जुलाई २ मा आफ्नो पदबाट राजिनामा दिए। केही दिनसम्म स्वीकृत नगरी बसेका राजा महेन्द्रले आषाढ ३१ गते अर्थात् जुलाई १५ का दिन आचार्य मन्त्री मण्डल विघटनको घोषणा गरेर अर्को सरकार गठन सम्बन्धी तारतम्य सुरु गरे।

टङ्कप्रसाद आचार्यको राजिनामा स्वीकृत गरेपछि संयुक्त मन्त्री मण्डल गठन गर्ने भनेका राजा महेन्द्रले परिवर्तन पक्षधरहरूलाई बेवास्ता नै गरेर डा. के.आई. सिंहलाई अरू राजनैतिक दलहरूसँग सम्पर्क गरेर छलफल गर्न भने। जनाधार भएकाहरूलाई उपेक्षा गरी संयुक्त प्रजातन्त्र पार्टीको नेतृत्वमा सरकार बनाउन खोज्ने राजाको कार्य नरुचाएका कुनै पनि दलका नेताहरू साथ दिन तत्पर नभएकाले सरकार गठनका लागि डा. के.आई. सिंहले सहयोग पाउन सकेनन्। के.आई. सिंहले राजतन्त्रलाई बलियो तुल्याउने र परम्परावादी सामाजिक धारणाहरूको संरक्षण गर्ने भित्री आकांक्षा लिएकाले उनी तर्पm नै ध्यान केन्द्रित गरेका राजा महेन्द्रले अरूलाई वास्तासम्म पनि गरेनन् (शर्मा, २०५९ असार २२; बस्नेत, २०६० पौष २१)। राजाको आसय बुझेका अरू दलहरूले पनि आन्दोलनकै मनस्थिति बनाएपछि टङ्कप्रसाद आचार्यको राजिनामा स्वीकृत गरेका राजा महेन्द्रले डा. के.आई. सिंहको नेतृत्वमा ११ सदस्यीय मन्त्री मण्डल गठन गरेर राजनीतिमा भरखर प्रवेश गरेका र जनप्रिय नभएकाहरूलाई सरकार चलाउने जिम्मा दिए।

देशको कामकाजमा सरकारलाई परामर्श दिन, सहयोग गर्न भनी तीनवटा विशेषाधिकार सम्पन्न समितिहरू गठन गर्ने घोषणा गरेका राजाले सात सदस्यीय विशिष्ट व्यक्तिहरूको राष्ट्र परिषद्, पाँच सदस्यीय शीघ्र कारक समिति र विशेष सुविधा प्राप्त पञ्चवर्षीय योजना मण्डल गठन गरी कार्य गर्ने जिम्मा दिए। यो सरकारले सुरुदेखि नै परिवर्तन पक्षधरहरूलाई खासै वास्ता नगर्ने तर राजालाई बलियो बनाउन खोज्ने गरेकाले नेपाली कांग्रेस, नेपाली राष्ट्रिय कांग्रेस, प्रजापरिषद् आदिले मिलेर एकजुट भई पुनः प्रजातान्त्रिक मोर्चाको गठन गरे। पुनः परिवर्तनवादीहरूले मोर्चाबन्दी गर्न थालेको अवस्थामा २०१४ साल आश्विन २० गते

एक्कासी एक घोषणा जारी गरेका राजा महेन्द्रले २०१४ साल आश्विन पूर्णिमाका दिन गर्ने भनी घोषणा गरिएको आमचुनाव निर्धारित समयमा गराउन नसकेको घोषणा नै गरिदिए (गोरखापत्र, २०१४ आश्विन २१)। राजा र के.आई. सिंह मन्त्री मण्डलको मिलिभगतमा यो घोषणा र कार्य भएको ठानेका राजनैतिक दलहरूले चुनाव गर्न नसकिने घोषणाको विरोध मा आवाज उठाउनेदेखि चुनावको माग गर्दै आन्दोलन गर्ने कार्य थाले । चारैतिर तीव्र विरोध भएपछि कार्य गर्न अप्ठ्यारोमा परेका डा. के.आई. सिंहले पनि सत्तारोहणको जम्मा १११ दिनसम्म प्रधानमन्त्री भएर २०१४ साल कार्तिक २९ गते अर्थात् सन् १९५७ नोभेम्बर १४ का दिन राजिनामा दिए। जसलाई तत्कालै स्वीकार गरेका राजा महेन्द्रले पुनः एक पटक देशको सम्पूर्ण शासनभार आफ्नो हातमा लिएपछि देशमा चुनाव कसरी गराउने ? चुनाव गराउने जिम्मेवारी कसलाई दिने ? आदि आदि विषयमा सल्लाह–छलफल गर्न भन्दै राजदरबारमा राजनीतिक सम्मेलन डाकेर नेताहरूलाई खेलाउने–गलाउने गर्दै खेल्ने प्रयास गरे। राजाको भित्री नियत बुझेका नेपाली कांग्रेस समेतका जनाधार भएका दलहरू प्रजाताताान्त्रिक मोर्चामा आबद्ध भएर आमचुनावको मिति तोकियोस् भन्ने एक सूत्रीय माग लिएर सत्याग्रह आन्दोलन गर्ने निश्चय गरेर तयारी नै गर्न अग्रसर भए। परिणामस्वरूप सुरु भएको दबाबलाई सकेसम्म टार्न खोजेका राजाले केही पेल्ने नीति लिएपछि पनि आन्दोलनको वातावरण बनाउन लागिपरेका दलहरू टसमस नभएकाले राजाबाट पुनः एकपटक राजनीतिक दलका नेताहरूको सम्मेलन बोलाइयो । त्यसमा पनि सबै नआउने र आएकाहरू बीच पनि मतमिन्नता देखिने भयो भने थप सुदृढ भएको प्रजातान्त्रिक मोर्चाद्वारा भद्र अवज्ञा आन्दोलन सञ्चालन गरेर दबाबको स्थिति सिर्जना गरियो। त्यसबाट पुनः सुरु भएको संवादका अन्तमा चुनाव संविधान सभाका लागि नभएर संसदका लागि हुने निक्र्यौल समेत गरेका राजाबाट २०१५ साल फाल्गुण ७ गतेबाट आमचुनाव गर्ने टुङ्गो लगाएर नेपाली कांग्रेसका सुवर्ण शमशेरको अध्यक्षतामा चुनावी सरकार गठन गरी पुनः एकपटक राजा नै राष्ट्र प्रमुख र वास्तविक शासक भएको तथ्य स्थापित गर्ने काम गरे। राजा महेन्द्रबाट अन्तरिम संविधानको व्यवस्था एवं २००७ साल फाल्गुण ७ गतेको शाही घोषणालाई बेवास्ता गरी आफ्नो प्रभाव कायम गर्ने भित्री लक्ष्य अनुरूप चालिएका कदमलाई आपसी मतभिन्नताले गर्दा रोक्न नसकेका राजनैतिक दलहरूले ठूलो मूल्य नै चुकाउनु प¥यो । राजनैतिक दलहरूको मतभिन्नता एवं आपसी इष्र्या–द्वेशको चरित्रबारे जानेका राजा महेन्द्र आफ्नो हात माथि पार्दै बढेपछि संविधान सभाको विषय पन्छाएर संसदीय निर्वाचनको निर्णय स्वीकार गराउन सफल भए। जसबाट अन्तरिम कालमा राजा महेन्द्रले राज संस्थालाई निर्णायक हैसियतमा पु¥याएकै हुन भन्ने यथार्थ स्थापित भएको थियो।

**निष्कर्ष**

राणा शासन विरुद्धको निर्णायक आन्दोलनमा महत्त्वपूर्ण कार्य गरेको जस पाएका राजा त्रिभुवनसँगका मतभिन्नता क्रममा वी.पी. बाट सहयोग लिएका राजा महेन्द्रले त्यसैबेला वी.पी. को क्षमता, हिम्मत एवं कार्यशैली बुझ्ने मौका पाएका थिए। त्यसबाट वी.पी. लाई आफ्नो इसारामा चलाउन नसकिनेदेखि राजाको एकाधिकार वी.पी. ले नरुचाउनेमा विश्वस्त भएका राजाले राज्यारोहणकै क्षणदेखि सकेसम्म वी.पी. लाई पन्छाउने नीति अवलम्बन गरेका हुन् । वी.पी. कै दबावले गर्दा युवराजबाट बर्खास्तगी हुनबाट बचेका महेन्द्रले पिता त्रिभुवनको निधनपछिकै क्षणदेखि वी.पी. विरोधी नीति लिएपछि खासै जनाधार नभएका पार्टी एवं नेताहरूलाई सत्तामा पुर्‍याउने र आफ्ना अनुकूलको निर्णय गराएर हटाउने गर्दै शाही प्रभुत्व कशिलो पार्दै लगेका थिए। त्यसै क्रममा प्रत्यक्ष शासनदेखि शाही सल्लाहकार समितिसम्मको अनुभव समेत लिएर बढेका राजा महेन्द्रले संविधान सभाको चुनाव सदाका लागि पन्छाउन नेपाली कांग्रेस भित्रकै कतिपयलाई चोर्नेदेखि कांग्रेसलाई चुनाव विरोधी पार्टी हो भन्ने पार्न खोज्नेसम्मका काम गरे। नेपाली कांग्रेसको जनाधार समेतबाट चिढिएका पार्टीहरूदेखि विविध कारणले इष्र्या–द्वेश राख्ने राजनीतिज्ञहरू सम्मलाई प्रभावमा पार्दै बढेका राजा महेन्द्रले टङ्कप्रसाद आचार्य, डा. के.आइ. सिंह समेतलाई सत्ता सुम्पेर अरूलाई लोभ्याउने प्रयास गरे। जनस्तरमा राजाको छवि नबिग्रोस भन्नेमा सतर्कता अपनाएका उनले आफ्ना विश्वासपात्रहरूलाई परिचालन गरेर देशैभरिबाट गोप्य सर्वेक्षण गराउँदा पनि वी.पी. एवं सुवर्ण शमशेरको चलाखिले गर्दा चुनावमा कुनै पनि पार्टीले बहुमत ल्याउन नसक्ने निष्कर्षमा राजा पुग्ने परिस्थिति बनेको थियो । अन्तरिम कालको संक्रमणयुक्त अवस्थामा देशाटन एवं

भेटघाटका कार्यमा जोड दिएका राजा महेन्द्रले राजनैतिक व्यक्तिहरूको पहिचान गरी आफ्नो प्रभावमा पर्न सक्नेहरूको सूची बनाएर भित्रभित्रै काम समेत गर्दै बढेका थिए । आफ्ना कुटनैतिक कार्यहरूका क्रममा देशका राजनैतिक दलहरू एकजुट हुन नसकुन भन्नेमा ध्यान केन्द्रित गरेका उनले टङ्कप्रसाद आचार्य जस्ता जेठा राजनीतिज्ञ समेतलाई राजा त्रिभुवनको ऐतिहासिक घोषणा एवं अन्तरिम संविधान विपरीतका गतिविधिमा समेत उतार्ने कार्यमा सफलता पाए । त्यसबाहेक मुख्य दलहरूसँग मोलतोल गर्न कटिबद्ध ससाना दलहरू, कतिपय पार्टीका समानान्तर दलहरू, स्वतन्त्र राजनीतिज्ञहरू आदिलाई प्रभावमा पारेर आफ्नो पैसाको पक्षमा उभ्याउन समेत सफल भएका राजा महेन्द्र आफ्नो हात माथि पार्न सक्षम भए । देशको राजनीतिलाई विस्तारै दरबार केन्द्रित गराउँदै बढेका राजा महेन्द्रले मन्त्री मण्डलको समकक्ष जस्तै बनाएर उच्च स्तरका संस्थाहरू गठन गरी आफ्ना भाइहरू एवं विश्वासपात्रलाई त्यसको प्रमुख बनाउने समेतका काम गरेर आफूलाई देशकै प्रमुख राजनैतिक व्यक्तित्वका रूपमा स्थापित गरेका थिए । परिणामस्वरूप देशको राजनीतिका नशा नशा छाम्न सफल भएकाले २०१५ सालको अन्तमा गराएको आमचुनाव २०१५ को पृष्ठभूमि निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेका हुन् ।

**सन्दर्भ सामग्रीहरू**

**अन्तर्वार्ताहरू**

थापा, विश्वबन्धु. वी.पी. का पुराना सहयोगीदेखि राजा महेन्द्रका विश्वासपात्र हुँदै पञ्चायतका प्रमुख हस्ती एवं महत्वपूर्ण मन्त्रीसँग २०६९ चैत्र १ गते गैह्रीधारा, काठमाडौँ ।

पन्थी, निलाम्बर. वी.पी. का सहयोगी एवं २००७ सालदेखिकै राजनीतिज्ञसँग २०५८ कार्तिक २६ गते आवारोड, भैरहवा ।

बस्नेत, पुरुषोत्तम. सक्रिय राजनीतिज्ञ नेपाली कांग्रेससँग २०६० पौष २१ गते टेकु, काठमाडौँ ।

शर्मा, श्रीभद्र. जयंतु संस्कृतम्देखिका सक्रिय राजनीतिज्ञ पूर्वमन्त्रीसँग २०५९ असार २२ गते कोटेश्वर, काठमाडौँ ।

सिंह, गणेशमान. सर्वोच्च नेता नेपाली कांग्रेससँग २०४४ माघमा आवारोड, भैरहवा ।

प्रकाशित सामग्रीहरू

अधिकारी, हेमराज (२०५८). आजको नेपाल. काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी ।

गुप्ता, अनिरुद्ध (सन् १९९३). पोलिटिक्स इन नेपाल १९५०–१९६०. दिल्ली : कलिंग पब्लिकेशन ।

गोरखापत्र. राष्ट्रिय दैनिक. काठमाडौँ : २०१२ जेठ ४ र २०१४ आश्विन २१ ।

गौतम, राजेश (२०५४). नेपालको संवैधानिक इतिहास र राजनीति. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

—–, (२०६२). नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजा परिषद्को भूमिका, भाग २. काठमाडौँ : केशव स्थापित ।

—–, (२०६६). नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस, भाग २. काठमाडौँ : कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ ।

गौतम, बद्रीनारायण (२०७७). गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन (राणा कांग्रेस सरकारदेखि पहिलो जननिर्वाचित सरकारसम्म). काठमाडौँ : शिखा बुक्स ।

जोशी, होराप्रसाद (२०६३). नबिर्सिने ती दिनहरू (आत्म संस्मरण). काठमाडौँ : श्रीमती जमुनाबाबा जोशी ।

जोशी, भुवनलाल र रोज, लियो इ. (सन् १९६६). डेमोक्रयाटिक इनोभेसन्स इन नेपाल. वर्कले : क्यालिफोर्निया युनिभर्सिटी प्रेस ।

थापा, गगन आदि (सम्पा.) (२०६७). नेपाली कांग्रेसका ऐतिहासिक दस्तावेजहरू. काठमाडौँ : पब्लिक पोलिसी पाठशाला प्रा.लि. ।

देवकोटा, गृष्मबहादुर (२०१६). नेपाली राजनीतिक दर्पण. काठमाडौँ : केशवचन्द्र गौतम ।

परमानन्द (सन् १९८२). दि नेपाली कांग्रेस सिन्स इट्स इन्सेप्सन. दिल्ली : बि.आर. पब्लिसिङ कर्पोरेसन ।

पोखरेल, रामचन्द्र (२०४०). प्रजातन्त्रका महान सेनानी वी.पी. कोइराला. वाराणसी : भट्टराई बन्धु प्रकाशन ।

मानन्धर, त्रिरत्न र शर्मा, निरन्जन (२०५३). आधुनिक नेपालको राजनैतिक इतिहास (वि.सं. २००७–१९). काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

शर्मा, देवीप्रसाद (२०४८). आधुनिक नेपालको राजनैतिक इतिहास. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शाही, डि.के. (२०५२). सात सालपछि सात साल. ललितपुर : साझा प्रकाशन